अजिरकोट गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ५ | संख्याः ६ | मितिः २०७८/०५/२५

**भाग- २**

**अजिरकोट गाउँपालिका**

नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम अजिरकोट गाउँपालिकाले अजिरकोट गाउँपालिकाको विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०७८ वनाई सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरेको छ ।

# अजिरकोट गाउँपालिकाको विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०७८

**प्रस्तावनाः**

अजिरकोट गाउँपालिकाको विपद् जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ को दफा १८ मा भएको व्यवस्था र प्राकृतिक तथा गैर प्राकृतिक विपदबाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवं साँस्कृतिक सम्पदा र भौतिक संरचनाको क्षति हुँदा राहत स्वरुप दिइने राहत प्रक्रियालाई व्यवस्थित वनाउन वाञ्छनीय भएकोले,

अजिरकोट गाउँपालिकाको विपद जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७६ को दफा १८ ले दिएको अधिकार प्रयोग गरी कार्यपालिकाले यो मापदण्ड बनाएको छ ।

## परिच्छेद - १

## संक्षिप्त नाम र प्रारम्भ

### १. संक्षिप्त नाम र प्रारम्भ :

(क) यस मापदण्डको नाम "विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०७८" रहेको छ ।

(ख) यो मापदण्ड कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि लागु हुनेछ ।

### २. परिभाषा :

विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "मापदण्ड" भन्नाले विपद प्रभावित व्यक्ति/ परिवारलाई राहत वितरण तथा आर्थिक सहयोग सम्बन्धी मापदण्ड, २०७८ भन्ने सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले अजिरकोट गाउँपालिकाको विपद् जोखीम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ भन्ने सम्झनु पर्छ ।

(ग) "व्यवस्थापन समिति" भन्नाले विपद व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

(घ) "कार्यपालिका" भन्नाले अजिरकोट गाउँकार्यपालिका सम्झनु पर्छ ।

(ङ) "विपद" भन्नाले कुनै स्थानमा आपतकालीन अवस्था सिर्जना भई जन वा धनको साथै जीवन यापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्छ ।

(च) "प्राकृतिक विपद" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, वाढी पहिरो तथा भुस्खलन, डुवान, खडेरी, आँधी, हुरी, वतास, शितलहर, तातो हावाको लहर, चट्याङ,

भुकम्प, ज्वालामुखी बस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्दछ ।

(छ) "गैरप्राकृतिक विपद" भन्नाले महामारी, विद्युत सर्ट, अनिकाल, डढेलो, किट वा सुक्ष्म जिवाणु आतङ्क, पशु तथा चराचुरङ्गीमा हुने फ्लु, प्यान्डामिक फ्लु, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकिरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणिय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैरप्राकृतिक कारणले उत्पन्न विपद सम्झनु पर्दछ ।

**३. वजेट विनियोजन** :

गाउँपालिकामा विपद (प्रकोप) व्यवस्थापन कोष नाम गरेको एक कोषको स्थापना हुनेछ । कोषको स्थापना नभएको अवस्थामा गाउँपालिकाले प्रत्येक आर्थिक वर्षमा विपद् व्यवस्थापन शीर्षकमा आवश्यकता अनुसार वजेट विनियोजन गरी सोही शीर्षकबाट खर्च गर्नुपर्नेछ ।

## परिच्छेद - २

## आर्थिक तथा प्रशासनिक व्यवस्था

४. राहत वितरणका लागि आवश्यक पर्ने आर्थिक स्रोत गाउँपालिकामा रहेको विपद् (प्रकोप) व्यवस्थापन कोषबाट व्यवस्था गरिनेछ । यो कोषबाट वजेट नपुग भएमा कार्यपालिकाको बैठकबाट आवश्यक निर्णय गरी अन्य श्रोत जुटाउन सक्नेछ ।

**५. प्रशासनिक व्यवस्था:** राहत व्यवस्थापनको लागि प्रशासनिक तथा आर्थिक कारोवार गाउँ कार्यपालिकाको कर्मचारीहरुबाट नै संचालन गरिनेछ ।

**६. बैठक भत्ता:**

गाउँ विपद व्यवस्थापन समितिको बैठकमा भाग लिने पदाधिकारी तथा सदस्यहरु एवं अन्य आमन्त्रितलाई गाउँ कार्यपालिकाको निर्णयानुसार भत्ता उपलब्ध गराइनेछ ।

**७. राहत तथा उद्धार कार्य संचालन सम्बन्धी व्यवस्था :**

गाउँपालिकाका कुनै पनि वडामा विपद आइपरेको अवस्थामा देहाय बमोजिमको व्यवस्थापन गरिनेछ ।

(क) विपद प्रभावित स्थानको पहिचान गरी तत्काल उद्धारको व्यवस्था गरिनेछ ।

(ख) उद्धारपछि विपद प्रभावित व्यक्ति, परिवार तथा संघ संस्थाहरुको वर्गीकरण गरी वडा कार्यालय मार्फत लगत राख्ने व्यवस्था मिलाइनेछ ।

(ग) वडा समितिको वैठकद्धारा विपद प्रभावित वा पीडितहरुको सर्जमिन मुचुल्का गराई राहत अनुदानका लागि गाउँ विपद व्यवस्थापन समितिमा सिफारिस गरिनेछ ।

(घ) गाउँ विपद व्यवस्थापन समितिबाट विपद (प्रकोप) व्यवस्थापन कोष संचालन तथा व्यवस्थापन समिति समक्ष राहत वितरणका लागि सिफारिस व्यवस्था मिलाइनेछ ।

(ङ) यस खण्डमा जेसुकै लेखिएको भएता पनि यस सम्बन्धमा गाउँ कार्यपालिकाको निर्णय अन्तिम मानिने छ ।

## ८. विपद प्रभावित वर्गीकरण :

गाउँपालिकामा आइपर्ने विपदबाट प्रभावितहरुको वर्गीकरण देहाय बमोजिम हुनेछ ।

**(क) प्रभावित :**

प्राकृतिक वा मानव सिर्जित विपद जस्तैः भुकम्प, वाढी, पहिरो, आगलागी, महामारी, अनिकाल, पशु तथा चराचुरङ्गीमा हुने फ्लु सर्पदंश, जनावर आतङ्क आदिबाट सामान्य क्षति भएका व्यक्ति परिवार तथा संघ संस्थाहरु यस वर्गमा पर्दछन ।

**(ख) आंशिक प्रभावित :**

प्राकृतिक वा मानव सिर्जित विपदबाट प्रभावित भएकाहरु जस्तैः घरमा सामान्य क्षति भएका तर बस्न लायक, वाढीपहिरोले खेतवारी सामान्य क्षति पुऱ्याएका, आगलागी भई घर तथा मानव जन, चौपाया, पशुपंक्षीमा सामान्य भौतिक क्षति भएकाहरु यस वर्गमा पर्दछन ।

**(ग) अति प्रभावित :**

प्राकृतिक तथा मानव सिर्जित विपदबाट प्रभावित भई जनधनको क्षति व्यहोरेका परिवारका सदस्यको मृत्यु भएका, वसोवास गर्ने घर एवं अन्य भौतिक पूर्वाधार नष्ट भएका, अङ्गभङ्ग भई जिविकोपार्जनका लागि अन्य माथि आश्रित हुन पुगेकाहरु यस वर्गमा पर्दछन ।

## ९. राहत वितरण व्यवस्थापन क्षेत्र :

क) विपद प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. ८ (क) वर्गीकरणमा परेकाहरुलाई बढीमा ५ हजारसम्म उपलब्ध गराउने,
ख) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. ८ (ख) वर्गीकरणमा परेकाहरुलाई प्रति परिवार ७ हजारसम्म उपलब्ध गराउने,
ग) प्रभावित क्षेत्र रहेको सम्बन्धित वडाको सिफारिसमा विपद प्रभावितहरुलाई बुँदा नं. ८ (ग) वर्गीकरणमा परेकाहरुलाई देहाय बमोजिम राहत उपलब्ध गराउने,
अ) परिवारका एकजना सदस्यको मृत्यु भएमा रु. १५,०००/- र थप प्रतिव्यक्ति रु. १०,०००/-
आ) घरवार विहिन भएका परिवारलाई प्रति परिवार रु. १४,०००/-
इ) अङ्गभङ्ग भएका परिवारलाई प्रति व्यक्ति रु. ५,०००/-
ई) शारीरिक रुपमा घाइते भई उपचारत अवस्थामा रहेका प्रति व्यक्ति रु. ७,०००/-
उ) महिला बालबालिका तथा जेष्ठ नागरिक सम्बन्धी काम गर्ने संस्थाहरु अति प्रभावितको सिफारिसमा परेका संघ संस्थाहरुको हकमा मर्मत सम्भार तर्फ रु. १००००/- तथा अन्य संस्थाहरुलाइ रु. ५०००/-

ऊ) कुनै प्रकोपका घटनामा परी घाइते भएका बिरामीहरुलाई उपचारका लागि जिल्लाअस्पताल वा नजिकको स्वास्थ्य केन्द्रमा लैजानु पर्ने घाइते गरिव, असहाय वा आर्थिक अवस्था कमजोर रहेछ भने त्यस्तो घाइतेलाई अस्पताल लैजादाको एम्वुलेन्स खर्च भुक्तानी गरिनेछ ।

ए) प्राकृतिक प्रकोप तथा मानवीय कारणबाट पशु चौपाया तथा गोठको क्षति भएमा देहाय बमोजिम सहयोग गरिनेछ ।

| क.सं. | आर्थिक सहयोग गर्ने क्षेत्र (क्षतीको विवरण) | सहयोग गर्ने रकम रु. |
|---|---|---|
| १ | पशु गोठ नष्ट भएमा (प्रति गोठ) | ५००० - १०००० |
| २ | कुखुराको खोर नष्ट भएमा (प्रति खोर) | २००० - ६००० |
| ३ | गाई, गोरु तथा रागाँ, भैसी (प्रति गोटा) | ३००० |
| ४ | बोका, बाख्रा, भेडा, च्यांग्रा (प्रति गोटा) | २००० |
| ५ | हाँस, कुखुरा (प्रति गोटा) | १५० |
| ६ | माछा पोखरी (प्रति पोखरी) | ५००० |

**१०. सहयोग माग गर्दा पेश गर्नुपर्ने कागजात :**

गाउँ कार्यपालिकाको कार्यालयमा दफा ९ बमोजिमको आर्थिक सहयोग प्राप्त गर्न देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।

(क) निवेदन

(ख) सम्बन्धीत वडा कार्यालयको सिफारिश

(ग) सम्बन्धीत प्रहरी चौकीको स्थलगत सर्जमिन मुचुल्का, प्रतिवेदन

(घ) क्षतिको फोटो

(ङ) आवश्यक भएमा क्षतिको प्राविधिक मूल्याङ्कन

(च) नागरिकताको फोटोकपी

(छ) अन्य आवश्यक प्रमाणहरु

**११. कार्यविधिको संशोधन :**

यस कार्यविधिलाई संशोधन गर्न आवश्यक देखिएमा विद्यमान समितिको सिफारिसमा कार्यपालिकाले गर्नेछ ।

**१२. बचाउ र खारेजी :** यस कार्यविधिमा व्यवस्था भएका कुराहरुको हकमा स्थानीय सरकार संचालन ऐन, २०७४ स्थानीय तहको आर्थिक प्रशासन सम्बन्धि प्रचलित कानुनसँग बाँझिन गएमा बाँझिएको हकमा स्वतः खारेज भएको मानिनेछ ।

आज्ञाले,

नामः भेषराज आचार्य

प्रमुख प्रशासकीय अधिकृत